**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १० मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले श्रद्धालुहरूलाई देवभूमि उत्तराखण्डको पवित्र चार धाम यात्रा शुभारम्भको लागि बधाई दिनु भएको छ।

२. भाजपाका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाहले भोट बैंकका लागि तृणमूल कांग्रेसले बंगलादेशका अनुप्रवेशकारीहरुलाई समर्थन गरिरहेको आरोप लगाउनु भएको छ।

३. पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आबकारी नीति भ्रष्टाचार मुद्दामा पक्राउ परेका आम आदमी प्रमुख अरविन्द केजरीवालको जमानतमा खुशी व्यक्त गर्नुभएको छ।

४. तृणमूल कांग्रेसका महासचिव अभिषेक बनर्जीले आज डायमंड हार्बर लोकसभा क्षेत्रबाट आफ्नो उम्मेदवारी दर्ता गराउनु भएको छ।

५. पुरुष आइपिएल क्रिकेटमा आज गुजरात टाइटन्सले चेन्नई सुपर किंग्ससँग प्रतिस्पर्धा गर्नेछ।

**चारधाम पीएम**

प्रधानमन्त्री नरेन्द्र मोदीले श्रद्धालुहरूलाई देवभूमि उत्तराखण्डको पवित्र चार धाम यात्रा शुभारम्भको लागि बधाई दिनु भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले एक शोसल मिडिया पोस्टमा केदारनाथका फोटोहरू साझा गर्नु हुदै लेख्नु भएको छए देवभूमि उत्तराखण्डको पवित्र चार धाम यात्रा शुभारम्भको धेरै-धेरै बधाई। बाबा केदारनाथ धाम समेत चार धामहरूको यो यात्रा श्रद्धालुहरूका लागि एक यस्तो आध्यात्मिक र सांस्कृतिक यात्रा होए जसबाट उनीहरूको आस्था र भक्तिलाई नयाँ स्फूर्ति प्राप्त हुन्छ। यस यात्रामा निस्केका सबै भक्तहरू र श्रद्धालुहरूलाई मेरो धेरै धेरै शुभकामना। जय बाबा भोलेनाथ। उल्लेखनीय छ ए उत्तराखण्डको चारधाम यात्रा अक्षय तृतीयको अवसरमा आज शुक्रवार यमुनोत्रीए गंगोत्री र केदारनाथ धामको कपाट खोलिनसाथ शुरू भएको छ। बदरीनाथ धामको कपाट १२ मईमा खोलिनेछ।

****** ० ******

**गृहमन्त्री अमित शाह**

भाजपाका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाहले भोट बैंकका लागि तृणमूल कांग्रेसले बंगलादेशका अनुप्रवेशकारीहरुलाई समर्थन गरिरहेको आरोप लगाउनु भएको छ। उहाले टीएमसी प्रमुख ममता बनर्जीमाथि नागरिकता संशोधन कानूनको नाममा आम जनतालाई उक्साएको आरोप पनि लागाउनु भयो। पार्टीका लोकसभा उम्मेदवार जगन्नाथ सरकारको समर्थनमा रानाघाटमा आयोजित जनसभालाई सम्बोधन गर्नु हुदै श्री शाहले यस प्रकारको वयान दिनु भएको हो । श्री शाहले सन्देशखाली घटनामा संलग्नलाई कारबाही गरिने बताउनु भयो । उहाले कांग्रेस र तृणमूल दुवै भ्रष्ट रहेको बताउनु भयो । पश्चिम बंगालको सत्तारुढ दलको नेतृत्वमा राज्य भर्ती सेवाए नगरपालिका भर्तीए शिक्षक भर्तीमा भ्रष्टाचार रहेको बताउनु हुदै मतदाताहरूलाई तृणमूललाई अस्वीकार गरेर विकासको पक्षमा मतदान गर्न आग्रह गर्नु भयो।

****** ० ******

**संवेदनशील मतदान केन्द्र**

पश्चिम बंगालमा हाल  चौथो चरणको लोकसभा चुनाउको  तयारी भइरहेको छ। निर्वाचन आयोगले पश्चिम बंगालका आठ लोकसभा सिटमा 13 मईमा हुने चौथो चरणको मतदानका लागि तयार पारिएका 15 हजार 5 सय 7 मध्ये तीन हजार 6 सय 47 मतदान केन्द्रलाई  संवेदनशील मतदान केन्द्र घोषणा गरेको छ। निर्वाचन आयोगका एक अधिकारीले सो जानकारी दिएका हुन् । उहाले  बोलपुर सिटमा सबैभन्दा बढी 6 सय 59 संवेदनशील मतदान केन्द्र रहेको बताउनु भएको छ  । यसपछि वीरभूममा 6 सय 40ए  बहरामपुरमा 5 सय 58ए  बर्दवान-दुर्गापुरमा 4 सय 22ए  रानाघाटमा 4 सय 10ए  कृष्णनगरमा3 सय 38 ए  आसनसोलमा 3 सय 19 अनि  पूर्वी बर्दवानमा 3 सय एक  मतदान केन्द्र छन्। यसैलाई मध्यनजर गर्दै केन्द्रीय बलका ५७९ कम्पनी तैनाथ गर्ने निर्णय गरिएको छ। चुनाउ अवधि ३० हजारभन्दा बढी राज्य पुलिस बल  पनि तैनाथ गरिने जानकारी प्राप्त भएको छ। यसरी नै  बंगालमा पाँचौं चरणको निर्वाचनका लागि तयार पारिएका 13 हजार 4 सय 81 मतदान केन्द्रमध्ये सात हजार 7 सय  11 मतदान केन्द्रलाई संवेदनशील घोषणा गरिएको छ।

****** ० ******

**मुख्यमन्त्री ममता ब्यनार्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले दिल्लीको आबकारी नीति भ्रष्टाचार मुद्दामा पक्राउ परेका अरविन्द केजरीवालको जमानतमा खुशी व्यक्त गर्नुभएको छ। उहाँले एक सोसियल साइटमा पोष्ट गर्दै भन्नुभएको छ -"अरविन्द केजरीवाललाई अन्तरिम जमानत दिइएको देखेर म धेरै खुसी छु। यो चलिरहेको चुनावको सन्दर्भमा धेरै उपयोगी साबित हुनेछ।" उल्लेखनीय छ कि ईडीले अरविन्द केजरीवाललाई आबकारी नीति भ्रष्टाचार मुद्दामा पक्राउ गरेको थियो। मदिरा नीति मामिलामा मदिरा माफियाबाट ठूलो रकम लिएको र दिल्ली सरकारको कोषमा नोक्सान गरेको आरोप उनीमाथि छ।

****** ० ******

**संदेशखाली भाजपा ममता**

पश्चिम बंगालको सन्देशखालीमा एक महिलाको भाइरल भिडियोलाई लिएर भाजपाले मुख्यमन्त्री तथा टिएमसी सुप्रिमो ममता बनर्जीलाई निशाना बनाएको छ। पार्टीका  आईटी सेलका प्रमुख एवं बंगालका शह प्रभारी अमित मालवीयले भन्नु भयोए ममता बनर्जीले  सबै नक्कली स्टिङ टेप र नक्कली आवाजहरूबाट सन्देशखालीमा आफूलाई अझ बढी फँस्दैछिन्। सन्देशखालीमा महिला बलात्कृत नभएको उनको दाबी छ। यसले उनीहरूलाई गहिरो तौल दिनेछए  किनकि अब धेरै महिलाहरू उनीहरूको कुरा सुनाउन अगाडि आउँदैछन्। महिलाहरूले बंगालका मुख्यमन्त्रीलाई ‘बिक्री भएको’ भन्दै निन्दा गरेका छन्। अमित मालवीयले भनेए ष्सन्देशखालीका पीडितलाई न्याय दिनु पर्ने ममता सरकारले शेख शाहजहाँजस्ता बलात्कारीलाई संरक्षण गरिरहेको देख्दा दुःख लागेको छ।

****** ० ******

**भाजपा संदेशखाली**

भारतीय जनता पार्टीका नेता गंगाधर कयालले सन्देशखालीको भाइरल भीडियोलाई लिएर कलकत्ता उच्च अदालतको ढोका ढक्ढकाउनु भएको छ। श्री  कयालको दाबी छए  कथित रूपमा उनको तस्वीरलाई प्रयोग गरेर नक्कली भीडियो बनाइयो अनि त्यसलाई सोशल मीडियामा फैलाइयो। उहाले  यसको विरोधमा उच्च अदालतमा  मुद्दा दर्ता गराउने अनुमति माग्नु भएको छ। जसलाई जस्टिस जय सेनगुप्ताको खण्डपीठले अनुमति दिएको छ। मामिलाको सुनवाई आगामी सोमवार हुने सम्भावना छ। स्मरण रहोस, गत  शनिवार सन्देशखालीको एउटा भीडियो अघि आएको थियो जसले राज्यको राजनीतिमा ठूलो खैलाबैला मच्चाएको छ। भिडियोमा देखिएका भाजपा नेता  गंगाधर क्यालले कथित रूपमा दाबी गरेका छन्ए  सन्देशखालीमा कुनै दुष्कर्म भएको छैन। अहिले भने भाजपा नेताले उक्त भीडियोलाई नक्कली भीडियो बताइरहेका छन्।

****** ० ******

**अभिषेक ब्यनार्जी**

त्रिनमुल कांग्रेसका महासचिव अभिषेक बनर्जीले राज्यपाल सी.वी. आनन्द बोसमाथि तिब्र शब्द प्रहार गर्नु भएको छ ५उहाले राजभवनले देखाएको सीसीटीभी फुटेज केवल नाटक रहेको बताउनु भएको छ ⁵राज्यपालमा हिम्मत छ भने आफ्नो चेम्बरको सीसीटीभी फुटेज देखाउनुपर्ने बताए उहाले चुनौती दिनु भएको छ । श्री ब्यनार्जीले भन्नु भयो बाहिरको फुटेज देखाएर के हुन्छ ६ यदि गभर्नरसँग क्षमता छ भने उहाँको करिडोरए चेम्बरको भिडियो फुटेज सार्वजनिक गर्नुहोस्।

****** ० ******

**अरविन्द केजरीवाल**

आपकारी घोटालामा परेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई सर्वोच्च अदालतले जुन १ सम्मको लागि अन्तरिम जमानत दिएको छ। न्यायाधीश सञ्जीव खन्नाको अध्यक्षतामा रहेको खण्ड पिठले केजरीवाललाई जुन २ मा आत्मसमर्पण गर्न आदेश दिएको छ। अदालतले गत 7 मईको दिन अन्तरिम जमानतमा दुवै पक्षको बहस सुनेर फसेलालाई सुरक्षित राखेको थियो ।अदालतले भनेको छ अगस्त २०२२ मा ईडीको ईसीआईआर पछिए केजरीवाल 21 मार्च २०२४ सम्म बाहिर थिए। उच्च अदालतबाट सुरक्षा नपाएपछि उनलाई ईडीले मार्च २१ मा पक्राउ गरेको थियो।

****** ० ******

**अभिषेक ब्यनर्जी नामांकन**

तृणमूल कांग्रेसका महासचिव अभिषेक बनर्जीले आज डायमंड हार्बर लोकसभा क्षेत्रबाट आफ्नो उम्मेदवारी दर्ता गराउनु भएको छ। चाखलाग्दो कुरा के छ भनेए उहाले आफ्नो शपथपत्रमा आफूसँग कुनै कार नभएको र ३६ लाख रुपैयाँ ऋण रहेको दाबी गर्नु भएको छ । वर्ष २०१९ को उम्मेदवारी पत्र दर्ता गर्दा श्री ब्यानर्जीको सम्पत्ति तीन गुणा बढेको थियो। यसपटक आफ्नो मनोनयनमा उहाले जम्मा २ करोड ३२ लाख रुपैयाँ मात्रै सम्पत्ति घोषणा गर्नु भएको छ ।

****** ० ******

**हाम्रो पार्टी - आप**

नयाँ दिल्लीको हनुमान रोडस्थित आम आदमी पार्टीको केन्द्रीय कार्यलयमा पार्टीका उतर पर्व क्षेत्रको प्रभारी राजेश शर्मासिंग हाम्रो पार्टी अध्यक्ष अजय एडवर्ड्ले भेट गर्नु भएको एक प्रेस विज्ञप्ति मार्फत जानकारी गराएको छ। हाम्रो पार्टीको पक्षबाट जारी गरेको विज्ञप्तिमा आम आदमी पार्टी(आप)-ले छैटौँ अनुसूचिको मागलाई पूर्ण सहयोग गर्ने हाम्रो पार्टीलाई वचन दिएको उल्लेख गरिएको छ । दार्जीलिङ पहाडबासीको दीर्घकालिन मांगलाई कार्य रूपमा परिणत गर्न आम आदमी पार्टीले समर्थनसंगै पूर्ण सहयोग गर्ने राजेश शर्माले वचन दिएको हाम्रो पार्टी अध्यक्ष अजय एडवर्ड्सले बताउनु भएको छ।

****** ० ******

**जिटीए टप्पर**

उच्चतर माध्यमिक परीक्षामा जीटीए टपर बनेकी कालेबुङ कन्या उच्चतर माध्यमिक विद्यालयकी रोजी खातुनलाई प्रोत्साहन दिन कालेबुङ जिल्लापाल बालासुब्रमण्यम टीले आज विद्यालयमा पुगेर खदा लगाई पारितोषिक प्रदान गर्नु भयो ⁵यसरी नै उहाले उच्चतर माध्यमिक परीक्षामा टप टेनमा पर्ने विद्यार्थी सुनिधि मोक्तानलाई पनि पारितोषिक प्रदान गर्नु गर्नु भयो। उहाले पत्रकारहरूसित कुराकानी गर्नु हुदै कालेबुङ एड्डुकेसन हबको रूपमा प्रसिद्ध रहेको बताउनु भयो।

****** ० ******

**पंचायत समिति मिरिक**

ग्राम पंचायत र पंचायत समितिले असल तालमेल राखेर काम गरे मात्र आम मानिसको मुलभुत समस्याहरू समाधान गर्न सकिन्छ भन्दै मिरिक पंचायत समितिका बिभागीय कर्मध्यक्षहरुले पहिला गाउँ स्कूल डाडा दुई अनि डुपटिन ग्राम पन्चायतका प्रधानए उपप्रधानए कर्मचारीहरूसित सौहार्दपूर्ण भेटवार्ता गरेका छन्। यस क्रममा आगामी दिनमा जनताको हरेक समस्या ग्राम पन्चायत र पंचायत समिति मिलेर समाधान गर्ने प्रतिबद्धता जाहेर गरियो। भ्रमण अवधि पंचायत र पंचायत समिति मार्फत हुँदै गरेको योजनाहरूको निरीक्षण पनि गरियो।

****** ० ******

**नक्सलबारी दुर्घटना**

नक्सलबारी संलग्न किरणचन्द्र चियाबारी नजिकै एसियन हाइवे २ मा एक मालवाहक वाहन दुर्घटना हुदा चालक घाइते भएका छन् । जानकारीअनुसार प्लास्टिक लादिएको उक्त वाहन अगरतलाबाट नयाँ दिल्लीतर्फ जाँदै गरेको बेला किरणचन्द्र चियाबारी नजिकै हात्ती क्रसिङ जोन क्षेत्रमा दुर्घटनाग्रस्त भएको हो। घाइते चालकलाई नक्सलबारी अस्पतालमा उपचारका लागि पठाईएको छ। अर्कोतिर घटनाको जानकारी पाएपछि एशियन हाईवे अथेरिटी साथै नक्सलबारी पुलिस घटनास्थलमा पुगेका थियो ।

****** ० ******

**आरकेएसपी दार्जीलिङ**

दार्जीलिङको रामकृष्ण शिक्षा परिषद उच्चतर माध्यमिक विद्यालय (आरकेएसपी) का विद्यार्थीहरू यसपालीको उच्चत्तर माध्यमिक परीक्षामा उत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण बनेका छन्। जसमा नित्यम शर्माए बासु रोय अनि रोहन शाशंकर लगायत अन्य सामेल छन्। उनीहरूले उत्कृष्ट अङ्क ल्याएर उत्तीर्ण भएको आरकेएसपी स्कूलका प्रधान अध्यापक एवं दार्जीलिङ जिल्ला उच्चत्तर माध्यमिक बोर्डका जोइण्ट कन्भेनर मिलन तामाङले जानकारी गराउनु भएको छ ।

****** ० ******

**पशु तस्कर पक्राउ**

ट्रकभित्र आलुको बोराको आड़मा पशु तस्करी गर्ने प्रयास गरेको आरोपमा घोक्साडांगा थानाको पुलिसले १४ वटा पशुहरूलाई जफत गरेको छ। पुलिसले उक्त ट्रकको चालकलाई पनि हिरासतमा लिएको छ। ट्रक चालकको नाम हसिनूर शेख हो जो असमको बासिन्दा हो। सूत्र अनुसार घोक्साडांगा थाना प्रभारी अजित कुमार शाहको नेतृत्वमा पुलिसको एक टीमले गत बिहीवार अबेर राती पुंडीबारी-फालाकाटा राष्ट्रिय राजमार्गमा अभियान चलाएको थियो । अभियानको क्रममा ट्रकलाई रोकेर जाँच गर्ने क्रममा आलुका बोराहरूको पछिल्लतिर लुकाएर १४ वटा पशुहरूलाई राखिएको थियो। ती पशुहरूसित सम्बन्धित कुनै वैध कागजपत्र देखाउन असमर्थ भएपछि पुलिसले ट्रकलाई जफत गर्दै चालकलाई पनि हिरासतमा लिएको जानकारी प्राप्त भएको छ । पुलिस अघिल्लो कारबाहीमा जुटेको छ।

****** ० ******

जलपाईगड़ी दुर्घटना

जलपाईगड़ी जिल्लाको बग्राकोट ग्राम पंचायत अन्तर्गत राष्ट्रिय राजमार्ग १७ मा आज भएको सडक धुर्घटनामा एक युवती गम्भीर रूपमा घाइते भएकी छिन् ।घटना आज दिउसो भएको हो ।सुत्रअनुसार सडक पार गर्ने क्रममा टिप्परको चपेटमा परी युवती गम्भीर रूपमा घाइते भएको थाहा लागेको छ। घाइतेको अवस्था गम्भीर रहेकोले मालबजार सरकारी अस्पतालमा भर्ना गरिएको छ। टिप्पर अनि चालकलाई पुलिसले हिरासतमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको छ ।

****** ० ******

**आइपिएल**

पुरुष आइपिएल क्रिकेटमा आज गुजरात टाइटन्सले चेन्नई सुपर किंग्ससँग प्रतिस्पर्धा गर्नेछ । म्याच आज साँझ 7 बजेर 30 मिनटदेखि अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हुनेछ । अंक तालिकामा चेन्नई सुपर किंग्स तेस्रो स्थानमा छ भने गुजरात टाइटन्स अन्तिम स्थानमा छ । आजको म्याचमा विजय भए चेन्नई सुपर किंग्सको प्लेअफमा पुग्ने आशा बलियो हुनेछ ।

****** ० ******